

# हजुरआमाका अनौठा औजारहरू

Rajiv Eipe

Rajiv Eipe

Let's Read

The Asia Foundation



"हजुरआमा ! हजुरआमा ! आज नरिवलको बर्फी मिठाई बनाउँनुस् न है ? प्लिज," सूरजले हजुरआमासँग अनुरोध गर्यो ।



"तिमीले सघायौ भने मात्रै बनाउँछु । हुन्छ ?" हजुरआमाले हाँस्दै भन्नुभयो ।



"तयार हुनु पर्यो ?" सूरज खुशी हुँदै चिच्यायो ।

"हो तयार होउ," हजुरआमाले भन्नुभयो ।



”पाकेका नरिवल मात्रै टिप है । पूरै खैरो भएको मात्रै .... । राम्ररी हेर । हेर नरिवल खसे है !” सररर भ्वाक्क ।



"अब बाहिरको झुस फालौँ..... " मर्याक मुरूक ! कर्याक्क !



सूरजको पेट करायो: "ग्वार्र्रर् !" हजुरआमाले जिस्काइन् ।



”अब हामीले नरिवलको बोक्रा फोर्छौं .... यसरी !” कर्याक्क !



"अनि नरिवललाई मसिनो गरी टुक्रा पार्छौं!"



"यसमा सबै मसला हालेर कराहीमा राखौँ....."

"कस्तो मिठो बासना आयो हजुरआमा !"



"अब हामीले यो सबैलाई एउटा ट्रेमा खन्याऔँ ...... । एक छिन पर्ख बाबा !यसलाई चिसो हुन दिउँ !"



”अब यसलाई मसिना साना साना टुक्रामा काटौँ ...” सर्याक, सर्याक !



”आहा! हाम्रो नरिवल बर्फी खानको लागि तयार भयो !”

“याम याम याम ! ”







हजुरआमाको बर्फी सरल औजारहरू प्रयोग गरेर बनाइएको थियो! सरल औजारहरूले काम गर्न सजिलो बनाउँछ। त्यहाँ छ प्रकारका साधारण औजारहरूले काम गरेका छन्:

१. एकातिर अग्लो अर्कोतिर होँचो भएको पुलजस्तो बनावट,

२. लिभर अर्थात् एकातिर थोरै बल लगायो भने अर्कोतिर धेरै बल पर्ने वस्तु,

३. पाङ्ग्रा र एक्सल ।







४. त्रिकोण आकारको वेज ।

५. पुली

६. पेचकिल्ला,स्क्रू।

के तपाई सूरज र हजुरआमाले नरिवलको बर्फी बनाउनको लागि प्रयोग गरेका सरल औजारहरु चिन्न सक्नुहुन्छ?

Brought to you by

The Asia Foundation

Let’s Read is an initiative of The Asia Foundation’s Books for Asia program that fosters young readers in Asia and the Pacific.
booksforasia.org
To read more books like this and get further information about this book, visit letsreadasia.org

**Original Story**
*Ammachi’s Amazing Machines*, Author: Rajiv Eipe. Illustrator: Rajiv Eipe. Published by Pratham Books, © Pratham Books. Released under CC-BY-4.0.

This work is a modified version of the original story. © The Asia Foundation, 2019. Some rights reserved. Released under CC-BY-4.0.
Contributing translators: Vinaya Kasajoo and Shameera Shrestha